**माडी नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**बसन्तपुर, चितवन**

**३ नं. प्रदेश, नेपाल**

## यु.एस.जी. मेसिन खरिद सम्बन्धी सिलबन्दी दरभाऊपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशन मिति : २०७५/११/२० गते

प्रस्तुत विषयमा यस कार्यालयको लागी आवश्यक यू.एस.जी. मेसिन खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त फर्म/कम्पनि/संस्था वा सप्लायर्सले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको दरभाऊपत्र यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

१) दरभाऊपत्र फारम सम्बन्धीत आपुर्तीकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय, संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र, मूल्यअभिवृद्धि कर (VAT), स्थायी लेखा नम्बर (PAN) र आ.ब. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्रका साथै उत्पादक फर्म वा कम्पनीको Authorization Letter को प्रमाणित प्रतिलिपि र दरभाऊपत्र दस्तुर रु १०००।- (अक्षेरुपी एकहजार मात्र) निवेदन साथ पेश गरेपछी यो सूचना प्रकाशित भएको मिति देखी ७ औं दिन सम्म कार्यालय समय भित्र यस कार्यालयबाट उपलब्ध गराईने छ ।

२) खरिद गरिएका दरभाऊपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहीछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मिति देखी ८ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा उपस्थित भई दरभाऊपत्र दर्ता गराउनु पर्नेछ ।

३) दरभाऊपत्र फारम साथ जमानत वापतको रकम यस नगरपालिका कार्यालयको नाममा कृषि विकास बैंक, माडी शाखाको खाता नं ०५०८८००९१५९७७०९१ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको नेपाल सरकारको मान्यता प्राप्त क श्रेणीको बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ ।

४) दर्ता हुन आएका सिलबन्दी दरभाऊ पत्र फारमहरु यस कार्यालयमा दरभाऊपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहोबरमा ८ औं दिनको २:०० बजे खोलिने छ । फारम खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५) दरभाऊपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघी आएका दरभाऊपत्र उपर कुनै कारबाही गरिने छैन । दरभाऊपत्रमा प्रत्येक आईटमको भ्याट बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ ।अंक र अक्षेरको फरक परेमा अक्षरलाई मान्यतादिईनेछ । दरभाऊपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा दरभाऊपत्र फारम खोल्न बाधा पर्ने छैन ।

६) यू.एस.जी. मेशिनको स्पेशिफिकेशन र दरभाऊपत्र सम्बन्धी अन्य शर्तहरु दरभाऊपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् । अन्य कुराहरु सार्वजनिकखरिद ऐन - २०६३ र प्रचलितनियमानुसार हुनेछन् ।

७) दरभाऊपत्र सम्बन्धी थप जानकारीको लागी माडी नगरपालिकाको कार्यालय तथा मोबाईल नम्बर ९८५५०५०३०६/९८५५०६३६६५/०५६-५०१०४१ मा सम्पर्क गर्न सकिने छ ।

| **दरभाउपत्र/ ठेक्का नं** | **कामको विवरण** | **आवश्यक संख्या** | **दरभाऊ पत्र फारम दस्तुर** | **जमानत रकम** |
|---|---|---|---|---|
| ०५/०७५/०७६ | यू.एस.जी. मेसिन (UltraSound Machine) | १ | १,०००।- | कबोल रकमको २.५% |